3rd NATIONAL BANKING DISCOURSE 2025

EXPANDING OUR HORIZONS : **EMBRACING CHANGE**

COMPREHENSIVE REPORT

PREPARED BY

बैंकिङ्ग समाचार bankingsamachar.com | BANKING NEWS.com.np

कार्यकारी सारांश :

नेशनल बैंकिङ डिस्कोर्श, २०२५

Global IME Bank presents

3rd NATIONAL BANKING DISCOURSE 2025

EXPANDING OUR HORIZONS : **EMBRACING CHANGE**

EVENT PARTNER: eSewa (www.esewa.com.np)

ORGANIZED BY: बैंकिङ समाचार | BANKING NEWS.com.np

बैंकिङ समाचार डटकमको आयोजनामा २०८२ जेठ २२ गते तेस्रो संस्करणको 'नेशनल बैंकिङ डिस्कोर्श, २०२५' आयोजना भएको थियो । सो कार्यक्रममा माननीय उपप्रधान एवं अर्थमन्त्री, नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नरद्वय, अर्थसचिव लगायत सरकारका उच्च पदस्थ कर्मचारी, नेपाल राष्ट्र बैंकका प्रतिनिधिहरु, बैंक तथा वित्तीय संस्था, निजी क्षेत्रका छाता संगठनका नेतृत्व र बैंकिङ विज्ञहरुको उपस्थिति थियो । यी सबै क्षेत्रका प्रतिनिधिहरू एउटै मञ्चमा उपस्थित भएर बैंकिङ क्षेत्रको साझा चुनौती, विगतको समिक्षा गर्दै वर्तमान र भविष्यको सम्भावना, नीतिगत छलफल र यो क्षेत्रले आगामी दिनमा लिनुपर्ने बाटोका विषयमा विभिन्न ५ वटा सत्रगत छलफलमार्फत निस्केका महत्त्वपूर्ण निचोडहरू समेटेर सुझावहरु तयार पारिएको छ ।

DATE :
5th June 2025
9:30am Thursday

VENUE :
Marriott Hotel
Kathmandu

EXPANDING OUR HORIZONS : EMBRACING CHANGE

डिस्कोर्शका प्रमुख झलक

3rd NATIONAL BANKING DISCOURSE 2025

उद्घाटन सत्र



कार्यक्रमको उद्घाटन प्रमुख अतिथि माननीय उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले गर्नुभएको थियो भने विशिष्ट अतिथिकारुपमा नेपाल राष्ट्र बैंककी सिनियर डेपुटी गभर्नर डा. नीलम ढुंगाना तिम्सिनाको उपस्थिति रहेको थियो । उद्घाटन सत्रमा अतिथिकारुपमा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल, नेपाल उद्योग परिसंघका वरिष्ठ उपाध्यक्ष बिरेन्द्रराज पाण्डे, नेपाल बैंकर्स संघका अध्यक्ष सन्तोष कोइराला, डेभलपमेन्ट बैंकर्स संघ नेपालका अध्यक्ष सुयोग श्रेष्ठ, नेपाल वित्तीय संस्था संघका वरिष्ठ उपाध्यक्ष रजोजमान श्रेष्ठसँगै करिब २०० जना बैंकरको उपस्थिति थियो ।

सो सत्रमा सहभागी वक्ताहरूले नेपालको बैंकिङ्ग क्षेत्र समृद्ध नेपालको मूल आधार भएको र दिगो विकासका लक्ष्य हासिल गर्न चाहिने खर्बौं लगानी जुटाउने भरपर्दो माध्यम भएको जिकिर गरे । यहीकारण, बैंकिङ्ग क्षेत्रलाई दिगो, स्थायित्व, विश्वासिलो, सृजनशील, भविष्यमुखी नीतिगत व्यवस्था, लगानीको वातावरण बन्नुपर्ने धारणा राखे भने नीति निर्माता र नियामकीय निकायले बैंकिङ्ग क्षेत्रलाई थप व्यवस्थित बनाउँदै लगानीको प्रमुख आधारकारुपमा विकास गर्दै लैजाने प्रतिबद्धता व्यक्त गरे ।

मुख्य विषय तथा मूल निष्कर्षहरू

- दिगो विकासका लक्ष्य हासिल गर्न चाहिने लगानी जुटाउन बैंक तथा वित्तीय क्षेत्रलाई नेतृत्वदायी भूमिकामा राखेर यो क्षेत्रको विकास र सबलीकरण गर्दै समग्र अर्थतन्त्रलाई समृद्धितर्फ डोर्याउन नीति निर्माता र नियामकीय निकायबीच रणनीतिक साझेदारी आवश्यक ।

- बैंकिङ्ग क्षेत्रको दिगो विकास र स्थायित्वका लागि यो क्षेत्र लक्षित अस्थिर नीतिगत विषयलाई स्थिर बनाउँदै दूरदर्शी ऐन कानून निर्माणमा जोड दिन नीति निर्माता, नियामकीय निकाय र सरोकारवाला सबै पक्ष एकजुट बन्नुपर्ने ।

- भविष्यको खोजीमा विदेशीने योजनामा रहेकालाई देशमै सम्भावना देखाउन तरलतामा देखिने अस्थिरता व्यवस्थापन, सन्तुलित वित्त नीति र निजी क्षेत्र तथा लगानीमैत्री सरकारी नीति आवश्यक ।

- संघीय सरकारले लिने आर्थिक विकासको लक्ष्य भेट्टाउन र लिएका नीति कार्यान्वयन गर्न केन्द्र सरकारको वित्त नीतिसँग मौद्रिक नीतिको औपचारिकतामा सिमित तालमेललाई प्रभावकारी बनाउँदै प्रदेश सरकार र स्थानीय तहको नीतिसँग पनि मौद्रिक नीतिबीच साझेदारी गर्नुपर्ने ।

- विगतको अनुभव, अन्तर्राष्ट्रिय अभ्यास र भविष्यको सम्भावनालाई मध्यनजर गर्दै बैंक तथा वित्तीय संस्थामार्फत राष्ट्रको विकास, आर्थिक वृद्धि, साना तथा मझौला उद्योगमा लगानी, ग्रामीण क्षेत्र समेट्न र उदाउँदो प्रविधि अंगाल्न सबै पक्षबीच वृहत समन्वय जरुरी ।

- देशको अवसर छाडेर बढ्दो विदेशीनेक्रमबाट बैंक तथा वित्तीय क्षेत्र समेत अछुतो रहन नसकेको अवस्थामा बैंकिङ्ग क्षेत्रमा युवाहरुलाई आकर्षित गर्ने गरी योजना बनाउनुपर्ने ।

- बैंकमा थुप्रिएको निष्क्रिय कर्जा र गैह्र बैंकिङ्ग सम्पत्तिलाई मध्यनजर गर्दै व्यवस्थापनका लागि शक्तिशाली 'एसेट म्यानेजमेन्ट कम्पनी' आवश्यक परेकाले बजेटमा उल्लेखित बुँदालाई यथाशिघ्र कार्यान्वयन जोड गर्नुपर्ने ।

- बैंकिङ्ग प्रणालीमा ठूला र रुपान्तरणकारी आयोजना निर्माणलाई चाहिने रकम नभएपनि प्रणालीमा थुप्रिएको तरलताको लाभ समेत लिन नसकेकाले नीतिगत स्पष्टता, पूर्वानुमानयोग्य तथा लचिलो नियामकीय नीति लिनुपर्ने ।

- औद्योगिक क्षेत्रमा हरित लगानी, यातायात, जलवायुमैत्री कृषि स्टार्टअप, साना/मझौला उद्योग, स्वच्छ ऊर्जा जस्ता क्षेत्रमा लगानी गर्ने नीतिसहित बैंक तथा वित्तीय संस्था 'इनोभेटिभ' बन्नुपर्ने ।

- परम्परागत शैलीमा चलेका बैंकहरुसँग प्रतिस्पर्धा गर्दै 'च्यालेन्जर्स' बैंककारुपमा उदाइरहेका 'फिनटेक' कम्पनीहरुले भौतिकरुपमा वित्तीय सेवा विस्तारमा चुनौतीपूर्ण मानिएका स्थानमा समेत सेवा विस्तार गर्ने क्रमलाई नीतिगतरुपमा थप सहजीकरण, सुरक्षित र व्यवस्थित गर्नुपर्ने ।

Event Insights

Attendees
450+

Banking Industry	Regulator	Student	Media	Entrepreneur
300+	38+	55+	40+	25+

Male 70% | Female 30%

BANKING INDUSTRY, FINANCIAL REGULATORS, TECHNOLOGY PROVIDERS, POLICY MAKERS & STUDENTS

Attendees Age Demographic



Session 01 पहिलो सत्र

शीर्षक : नेपालमा कर्जा बिस्तारको चुनौती

:लक्षित उपायहरूको प्रयोग, क्षेत्रगत अनुकूलन र अन्य सम्भावनाहरू

Topic : Decoding Nepal's Credit Growth : Leveraging Targeted Measures, Sectoral Resilience, & Beyond

MODERATOR — **SPEAKERS**

Mr. **TIKARAM YATRI**
MEDIA PERSONALITY



MR. **MANOJ KUMAR GOYAL**
CHARIMAN NMB BANK
MEMBER CBFIN



MR. **RADHESH PANT**
CHAIRMAN, VROCK & COMPANY
FORMER CEO, IBN

MR. **KRISHNA BDR ADHIKARI**
CEO, NIFRA

MR. **MANOJ KUMAR GYAWALI**
CEO, NABIL BANK

पृष्ठभूमि

नेपालको अर्थतन्त्रमा कर्जा बिस्तार आर्थिक वृद्धि, रोजगारी सिर्जना र वित्तीय स्थायित्वको एक महत्त्वपूर्ण आधार हो । राष्ट्र बैंकको तथ्यांकअनुसार हालसम्म बैंकहरूको कुल कर्जा प्रवाह ५५ खर्ब रुपैयाँ पुगेको छ। जुन, नेपालको कूल गार्हस्थ उत्पादन (जीडीपी)को झन्डै शतप्रतिशत हो । कर्जा प्रवाह रियल स्टेट, व्यापार र उत्पादनमूलक क्षेत्रमा बढी केन्द्रित छ भने कृषि, पर्यटन, SMEs मा न्यून मात्रामा कर्जा जाने गरेको छ। ग्रामीण पहुँच सीमित छ र क्षेत्रगत असन्तुलन, सुशासनको कमी र डेटा पहुँचमा समस्याहरूले चुनौती थपेका छन् । दिगो विकासको लक्ष्य हासिल गर्न चाहिने २०० खर्बभन्दा बढी (योजना आयोगका अनुसार) लगानी र २८ हजार मेगावाट बिजुली उत्पादनमा चाहिने ४० देखि ६० खर्ब लगानी जुटाउन नेपालका बैंक तथा वित्तीय संस्थाबाट मात्रै सम्भव छैन ।

अर्थमन्त्रालयको तथ्यांकअनुसार नेपालको सार्वजनिक ऋण जीडीपीको ४५ प्रतिशत पुगेको र यसको उपभोग उत्पादनशील क्षेत्रमा मोड्नुपर्ने देखिएको छ भने राष्ट्र बैंकको तथ्यांकअनुसार डेढ खर्ब सहुलियतपूर्ण कर्जा प्रवाह हुँदा हजारौं व्यवसायी लाभान्वित बनेका छन्। तर, ग्रामीण पहुँच सीमित छ। क्षेत्रगत असन्तुलन, सुशासनको कमी र डेटा पहुँचमा समस्याहरूले चुनौती थपेका छन्। लक्षित उपायहरू जस्तै डिजिटल बैंकिङ, वित्तीय साक्षरता र जलविद्युततर्फ २८ हजार मेगावाट बिजुली उत्पादनको लक्ष्य लिइएको छ भने ४३ हजार मेगावाटभन्दा बढी उत्पादनको सम्भाव्यता छ । यी सबै विषयलाई निजी सार्वजनिक लगानीको मोडलमार्फत केन्द्रीकृत लगानी अंगाल्दै समानान्तर ढंगले गुणस्तरीय कर्जाको माग बढाउन जरुरी छ, जसले समृद्ध नेपालको परिकल्पना साकार पार्न सक्छ ।

सत्रमा उठेका मुख्य विषय र निष्कर्ष

- सुरुदेखि नै बैंकिङ्ग प्रणालीमा घरजग्गाको धितोविना कर्जा प्रवाह गर्न हुँदैन भन्ने मानसिकता रहेकाले नेपालका बैंकहरु 'इनोभेटिभ' बन्न नसकेकाले कर्जा विस्तारका लागि सृजनशील बन्दै नयाँ क्षेत्र पहिल्याउनुपर्ने ।

- कर्जा घर जग्गा धितोमा केन्द्रित हुँदा बैंकिङ्ग पहुँचबाहिर बसेका साना तथा मझौला उद्यमहरुले लिने कर्जा अनौपचारिक क्षेत्रमा मौलाइरहेकाले यो क्षेत्रलाई नीतिगतरुपमै बैंकिङ्ग पहुँचमा ल्याउनुपर्ने ।

- लगानीको स्रोत जुटाउन बैंक तथा वित्तीय संस्थामा निर्भर वर्तमान अवस्थालाई बदल्न 'बण्ड', 'क्राउड फन्डिङ', 'इक्विटी फन्ड' जस्ता क्षेत्रलाई प्राथमिकतामा राख्नुपर्ने ।

- सञ्चालकले बैंकबाट लिने कर्जाको वास्तविक अवस्था, सो कर्जा लगानीबाट सृजित रोजगारी, अर्थतन्त्रमा पुगेको नाफा/घाटा, बदमासीको यकीन तथ्य खोतलेर र बैंकिङ्ग क्षेत्रलाई थप व्यवस्थित र आत्मविश्वासी बनाउने गरी नीति लिनुपर्ने ।

- पूर्वाधार क्षेत्रको विकासमा लगानी गर्ने लक्ष्यसहित स्थापित नेपाल पूर्वाधार विकास बैंकको नेतृत्वमा दिगो विकासका लक्ष्य हासिल गर्न चाहिने क्षेत्रको विकास गर्न सार्वजनिक निजी लगानीलाई व्यवस्थित गर्नुपर्ने ।

- 'कर्पोरेट सेन्ट्रिक' बैंककारुपमा रहेका ठूला वाणिज्य बैंकले ग्रामिण क्षेत्रमा समेत गुणस्तरिय सेवा विस्तार गरेर 'रियलस्टेट', उपभोगमा केन्द्रीत लगानीलाई उत्पादनमूलक उद्योगसहित, कृषि, पर्यटन, पूर्वाधार र साना तथा मझौला उद्यमसम्म विस्तार गर्नुपर्ने ।

- नेपाल पूर्वाधार विकास बैंकलाई मजबुत बनाउँदै लगानी बोर्डसँग औपचारिक सहकार्य गराउने गरी दिर्घकालिन र रणनीतिक महत्वका परियोजनामा लगानीको भूमिका दिइनुपर्ने ।

- अर्थतन्त्रको जटिलतालाई मध्यनजर गरेर बैंकर र व्यवसायी छुट्याउने ऐन नियम ल्याउँदा अर्थतन्त्रमा पर्ने प्रभावलाई अध्ययन गर्नुपर्ने र छुट्याउनै परेमा अध्ययन प्रतिवेदनबमोजिम लगानीकर्तालाई समयावधि दिएर लगानी फिर्ता वा शेयर बिक्रीमा सहजीकरण गर्नुपर्ने ।

- सन् २०४५ सम्म 'नेट जिरो इमिसन'को लक्ष्य भेट्टाउन सबैजसो बैंक तथा वित्तीय संस्था र पूर्वाधार विकास बैंकसहितले 'ग्रीन बण्ड' मा आधारित लगानी जुटाउँदै हरित ऊर्जा, वातावरणमैत्री पूर्वाधारको लगानीमा ध्यान केन्द्रीत गर्नुपर्ने ।

- 'फिनटेक' र 'डिजिटल बैंक'मा सेवाग्राहीको बढ्दो आकर्षण र यसतर्फ बढ्दो लगानी, डिजिटल माध्यमबाटै भइरहेको कर्जा विस्तार र सेवा प्रवाह गुणस्तरीय बनाउन शुल्क निर्धारण गरिनुपर्ने ।

- रुपान्तरणकारी जलविद्युत आयोजना निर्माणमा लाग्ने खर्बौं लगानी जुटाउन दिर्घकालीन लगानी स्वदेशबाट सम्भव नभए विदेशबाट समेत लगानी ल्याउने बहसलाई नीतिगतरुपमा नै सहजीकरण गर्नुपर्ने ।

- कर्जा विस्तारका लागि अर्थतन्त्रका दुई पाटाकारुपमा रहेका बैंकर र व्यवसायीबीचको सम्बन्धलाई आत्मसात गर्दै नियामकीय निकायको नियन्त्रणमुखी मानसिकता फेरेर गरेर सहजकर्ता र पर्यवेक्षकको भूमिका निर्वाहमा जोड दिनुपर्ने ।

- दिगो विकासका लक्ष्य भेट्टाउन कम्तीमा २२१ खर्ब रूपैयाँ चाहिने राष्ट्रिय योजना आयोगको प्रक्षेपणअनुसारको लगानी र आगामी १० वर्षमा २८ हजार ५०० मेगावाट बिजुली उत्पादनको लक्ष्य भेट्टाउन चाहिने ४० खर्बदेखि ६० खर्ब रुपैयाँ लगानी जुटाउन कम्तीमा १५ वर्ष अवधिको 'ग्रीन इनर्जी बण्ड' बिक्रीतर्फ अघि बढ्नुपर्ने ।

- बैंक तथा वित्तीय संस्थाबाट प्रवाहित ५५ खर्ब रुपैयाँभन्दा बढीको कर्जाको जोखिम न्यूनीकरण गर्नेगरी सबै वाणिज्य बैंक मिलेर 'रिस्क म्यानेजमेन्ट'का लागि 'बास्केटफन्ड'को परिकल्पना अघि सार्नुपर्ने र यसका लागि नियामकले नै निश्चित प्रतिशत रकम छुट्याउने व्यवस्था गर्नुपर्ने ।

Session 02 दोस्रो सत्र

शीर्षक : साना तथा मझौला उद्यमहरुमा कर्जा विस्तारको समस्या :समाधानका नविन तथा प्रचलित अभ्यास र हाम्रो तयारी

Topic : Expanding SME Financing in Nepal : Innovative Solutions and Emerging Trends

MODERATOR — SPEAKERS



Ms. **SMITHU GHISING**
MEDIA PERSONALITY



DR. **SATYENDRA TIMILSINA**
EXECUTIVE DIRECTOR, NRB

MR. **KAPIL DHAKAL**
CEO, JYOTI BIKASH BANK



MR. **MANOJ PAUDEL**
EXECUTIVE MEMBER, FNCCI

MR. **MANOHAR ADHIKARI**
FOUNDER, FOODMANDU

MR. **CHETAN ADHIKARI**
POPULATION ANALYST

पृष्ठभूमि

नेपालको जस्तो अर्थतन्त्रमा साना तथा मझौला उद्यमहरूको हिस्सा महत्त्वपूर्ण छ। यो वर्ष ४.६१ प्रतिशतको आर्थिक वृद्धिदरपछि ६१ खर्ब पुग्ने नेपालको कूल ग्राहस्थ उत्पादन (जीडीपी) मा साना तथा मझौला उद्योगको योगदान २२ प्रतिशत हाराहारी छ। उद्योग विभागको तथ्याङ्क अनुसार २०८१ को साउनसम्मको तथ्यांकअनुसार ४ लाख ६८ हजारभन्दा बढी उद्योग दर्ता भएका छन् भने कम्पनी रजिस्ट्रार कार्यालयका अनुसार दर्ता भएका कूल उद्योगमध्ये ९० प्रतिशतभन्दा बढी दर्ता कम्पनीहरू साना तथा मझौला हुन्। यी उद्यमले २७ लाखदेखि ३० लाख रुपैयाँसम्म रोजगारी सृजना गरेका छन्। यता विकसित अर्थतन्त्रकारुपमा रहेको जापानको अर्थतन्त्रमा साना तथा मझौला उद्योगहरूले ४३ प्रतिशत, अमेरिकाको अर्थतन्त्रमा ४० प्रतिशतभन्दा माथि र चीनको अर्थतन्त्रमा ६० प्रतिशत योगदान रहेको छ।

नेपाल राष्ट्र बैंकको अध्ययनअनुसार SME हरूको कुल लगानीमध्ये मात्र ११ देखि १६ प्रतिशत बैंक तथा वित्तीय संस्थाबाट आएको देखिन्छ। बाँकी स्रोतहरूमा आफ्नै बचत, बुबाआमाको सम्पत्ति, अनौपचारिक ऋण, रेमिट्यान्स तथा भेन्चर क्यापिटल रहेका छन्। भरपर्दो धितोकारुपमा रहेको घरजग्गाको आवश्यकता, उच्च ब्याजदर र जटिल कर्जा प्रक्रियाले SMEs को वृद्धिलाई अवरोध गरिरहेको छ। साना तथा मझौला उद्यमहरू नेपालको अर्थतन्त्रको मेरुदण्ड मानिए पनि यी उद्योगबाट जति लाभ लिनुपर्ने हो, त्यति लिन नसकिएको यी तथ्यांकहरुले प्रस्ट पार्छन्। यसका लागि नेपाल सरकारले अनुदानयुक्त ऋण योजना अघि सार्दै सरकारले 'उद्योग तथा लगानी प्रवर्द्धन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८१' कार्यान्वयनमा ल्याएको छ भने नेपाल धितोपत्र बोर्डले साना तथा मझौला उद्यमहरूका लागि धितोपत्र निष्कासन तथा कारोबार नियमावली लागू गरेको छ। कर्जामा नवीनता ल्याउँदै, नीति सुधार गर्दै र प्रविधिको प्रयोगमार्फत पहुँच विस्तार गर्दै साना उद्यमहरूको दीर्घकालीन विकास सम्भव बनाउने बाटोमा अग्रसर भइरहेका छन्।

सत्रमा उठेका मुख्य विषय र निष्कर्ष

- कूल ग्राहस्थ उत्पादन (जीडीपी)मा २० प्रतिशतभन्दा बढी योगदान दिइरहेका साना तथा मझौला उद्यमहरूको विकास र विस्तारका लागि बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने कर्जालाई पहुँचयोग्य सरलीकृत गर्दै लैजानुपर्ने ।

- केन्द्रीय बैंकले कृषि, जलविद्युत र साना तथा मझौला उद्यममा निश्चित प्रतिशत लगानी गर्नैपर्ने बाध्यकारी नीतिसँगै ५५ खर्ब रुपैयाँ कर्जा प्रवाह हुँदा १० प्रतिशत लगानी मात्रै साना तथा मझौला उद्यममा गएकाले अर्थतन्त्रले अनुभव गर्ने गरी यो क्षेत्रलाई विकास गर्न जरुरी ।

- जीडीपीमा MSMEs ले गरेको योगदानलाई बढाउन र यो क्षेत्रमा जाने 'फाइनान्सिङ' पारिवारिक सम्पत्ति र अनौपचारिकरुपमा हुँदै आएकोमा औपचारिकमाध्यमबाटै जाने प्रावधान मिलाउन नीति निर्माता र नियमनकारी निकायले स्पष्ट नीतिगत पहलकदमी लिनुपर्ने ।

- SMEs लाई नीतिगत सहजीकरणभन्दा बढी 'प्राक्टिकल'रुपमा नै सहजीकरण गर्नतर्फ ध्यान बढाउनुपर्छ, जसले नेपालमा विश्वका अन्य मुलुकमा जस्तै सानो पुँजीबाट सुरु भएका उद्यमबाट अर्थतन्त्रले लाभ लिन सक्छ ।

- SMEs ले 'फाइनान्सिङ' वा 'फन्डिङ' लिँदा आइपर्ने व्यवहारिक चुनौती, कर्मचारीतन्त्रको निर्णय क्षमताका कारण समस्या भोगिरहेकाले अन्तर सरकारी समन्वय प्रभावकारी बनाउनुपर्ने ।

- शेयर बिक्री गर्दा पूर्व मूल्यांकनअनुसार मूल्य कायम नरहेमा आइपर्ने नीतिगत झन्झटलाई समाधान र लगानी फिर्ताको प्रक्रिया सहज बनाउनुपर्ने तथा नेपाल धितोपत्र बोर्डले अघि बढाएको 'SMEs प्लेटफर्म' लाई अघि बढाउँदै लगानी जुटाउने भरपर्दो माध्यम खडा गर्नुपर्ने ।

- न्यून बैंकिङ्ग ज्ञान, विश्वसनीय कर्जा प्रक्रिया, मूल्यांकनसहित नीतिगत प्रक्रिया पुरा गरेर कर्जा प्रवाह हुँदा कर्जा स्वीकृतिमा ढिलाइ देखिएकाले सुरुमा SMEs सञ्चालक/लगानीकर्ताको 'फाइनान्सियल लिट्रेसी' बढाउनुपर्ने ।

- घरजग्गा धितो छाडेर SMEs सञ्चालकले पेश गर्ने परियोजना धितोमा आधारित कर्जा प्रवाह गर्न ऋणीको विगतको वित्तीय स्थिति 'ट्र्याक' गर्ने प्रणाली विकास र परियोजनाको सम्भावना केलाउन बैंक तथा वित्तीय संस्थाले स्वचालित बौद्धिकताको प्रयोग गर्नुपर्ने ।

- भारतमा 'नन बैंकिङ्ग फाइनान्स कम्पनी' र 'फिनेटक' मिलेर SMEs मा 'एक्सेस टू क्रेडिट' बढाइरहेको उदाहरणबाट पाठ सिकेर अर्थमन्त्रालय र नेपाल राष्ट्र बैंकले नीतिगत 'इनोभेशन' अंगाल्नुपर्ने ।

- साना/मझौला उद्यम प्रवर्द्धनका लागि सञ्चालकहरूलाई शिक्षा र तालिममा सिमित दाताको ध्यान 'व्यावसायिकता विकास सहयोग सेवा'मा मोड्दै त्यस्ता संस्था र आवश्यक पूर्वाधार विकास गर्नुपर्ने ।

- जनसंख्याको तुलनामा बैंक खाता र कर्जा खातामा देखिएको असन्तुलनको खाडल न्यूनीकरण गर्न तथा १९ लाख ४० हजारमा मात्रै सिमित कर्जा खाताको संख्या बढाइ साना र ठूला ऋणीबीचको सन्तुलन कायम गर्न SMEs मा कर्जाको पहुँच बढाउनु पर्ने ।

- लाखौंको संख्यामा भइरहेको 'ब्रेन ड्रेन' रोक्न युवापुस्तामा भइरहेको कर्जामा असन्तुलित पहुँच न्यूनीकरण, साना कर्जा प्रवाहमा नीतिगत स्पष्टता तथा सहजीकरण गर्ने गरी सरकार, राष्ट्र बैंक र बैंक तथा वित्तीय संस्था लाग्नुपर्ने ।

- बैंक तथा वित्तीय संस्थाबाट प्रवाहित साना आकारको कर्जामा न्यून संख्याको समस्या देखिएको अवस्थामा तथा राष्ट्र बैंक र बैंकहरुको प्राथमिकतामा परेको स्थितिमा पनि लक्ष्यअनुरुप ऋण विस्तार नहुनुको वास्तविक कारण खोजेर नयाँ रणनीति लागू गर्नुपर्ने ।

- साना तथा मझौला उद्यममा जाने कर्जामा 'ग्यारेन्टी स्किम' र 'इक्वीटि पार्टिसिपेन्ट्स' प्रोत्साहन गर्न बैंक तथा वित्तीय संस्था र विदेशी कम्पनीलाई सहजीकरण गर्ने गरी संयन्त्र निर्माण गर्नुपर्ने ।

- नेपाललाई स्टार्टअपको विश्वव्यापी हब बनाउन पारिवारिक स्रोतमा आधारित लगानी छाडेर विदेशी लगानी भित्र्याउन सहजीकरण गरेर 'इनोभेशन' मा आधारित नयाँ उद्यम जन्माउँदै स्थापितलाई हुर्काउनतर्फ जोड दिनुपर्ने ।

- देशभरबाट उल्लेख्य संख्यामा साना मझौला उद्यम र उद्यमीलाई प्रोत्साहन गर्ने र सहज वातावरणमा हुर्काउन संघीय सरकारसँगै स्थानीय सरकार समेत संलग्न बन्नुपर्ने, जसमा केन्द्रीय सरकारले संयन्त्र बनाउनुपर्ने ।

Session 03 तेस्रो सत्र

शीर्षक : ओपन बैंकिङ्ग र फिनटेक : सहकार्य, प्रतिस्पर्धा र नेपालमा नियो-बैंकको नियमाकीय अवधारणा

Topic : Open Banking & Fintech : Collaboration & Competition, & the Regulatory Concept of Neo-Banks in Nepal

MODERATOR — **SPEAKERS**

Mr. PRAVASH RAI
CHIEF STRATEGY & HR OFFICER, SRDB

ER. KRISHNA RAM DHUNJU
DIRECTOR & HEAD OF THE CBDC DIVISION, NRB

MR. DIWAS KUMAR SAPKOTA
CEO, FONEPAY

MR. RABI SHAKYA
CHIEF STRATEGY OFFICER ESEWA

MR. SUVASH JAMARKATTEL
DEPUTY GENERAL MANAGER, MBL

MR. BIGYAN ADHIKARI
MANAGER - DIGITAL BANKING, GLOBAL IME BANK

पृष्ठभूमि

ओपन बैंकिङ्ग र फिनटेकको उदयले परम्परागत बैंकिङ्ग प्रणालीलाई चुनौती दिँदै नयाँ अवसरहरू सिर्जना गरिरहेको छ। ग्राहकलाई आफ्ना वित्तीय डेटा नियन्त्रणमा राख्दै, विभिन्न सेवाहरू एउटै प्लेटफर्मबाट प्राप्त गर्ने सुविधा ओपन बैंकिङ्गको मूल सार हो। यसले बैंक तथा फिनटेकबीच सहकार्यलाई आवश्यक बनाएको छ। फिनटेक कम्पनीहरूले छिटो, सस्तो र प्रयोगकर्तामैत्री सेवामार्फत ग्राहकलाई आकर्षित गरिरहेका छन्। यस्तै, नियो-बैंकहरूले बिना भौतिक शाखा, पूर्ण डिजिटल सेवाहरू प्रदान गर्दै परम्परागत बैंकहरूप्रति ठूलो चुनौती खडा गरेका छन्।

यस्तो प्रतिस्पर्धात्मक परिवेशमा परम्परागत बैंकहरूलाई आफ्नो प्रविधि सुधार गर्दै फिनटेकसँग सहकार्य गर्नुपर्ने आवश्यकता बढ्दो छ। सहकार्यबाट वित्तीय पहुँच, ग्राहक अनुभव र नवप्रवर्तनमा वृद्धि हुन सक्छ। तर, यो प्रवृत्तिसँगै डेटा गोपनीयता, साइबर सुरक्षाको खतरा र उपभोक्ता संरक्षण जस्ता विषयहरूमा गम्भीर ध्यान दिन आवश्यक छ। नियामक निकायहरूले यस्तो प्रणालीको स्थायित्व र विश्वास कायम गर्न स्पष्ट नीति निर्माण गर्नुपर्छ। यस पृष्ठभूमिमा, बैंक, फिनटेक र नियामक निकायबीचको सन्तुलनले मात्र दिगो डिजिटल वित्तीय भविष्य सुनिश्चित गर्न सक्छ।

सत्रमा उठेका मुख्य विषय र निष्कर्ष

- ✅ 'डिजिटल बैंक' र 'नियो बैंक' सञ्चालनको योजना कार्यान्वयन गर्दै 'इनोभेटिभ', सेवाग्राही केन्द्रीत बैंकहरुलाई बढवा दिनुपर्छ। डिजिटल बैंक र 'नियो बैंक' सञ्चालन नीतिगत घोषणामा सीमित नराखेर कार्यान्वयनमा लैजाने गरी नियामकीय निकाय अघि बढ्नुपर्ने।

- ✅ प्राविधिक 'एपीआई'मार्फत फ्रेमवर्ककारुपमा सञ्चालन हुने 'ओपन बैंक' 'डिजिटल बैंक' र नियो बैंक' भन्दा फरक भएकाले हाल सञ्चालनमा रहेको बैंक सेवा 'थर्डपार्टी'मा पहुँच खुलाउनुपर्छ।

- ✅ बेलायत, ब्राजिल र युरोपियन मुलुकहरूमा 'ओपन बैंकिङ्ग' सुरु भइसकेकाले नेपालले ती मुलुकबाट सिकेर यसतर्फ अघि बढ्न स्पष्ट नीतिगत व्यवस्था गरेर अघि बढ्नुपर्ने।

- ✅ भौगोलिक विकटता र हिमाली जिल्लाहरू भएका स्थानीय तहमा बैंक विस्तार गरे पनि गुणस्तरीय सेवा प्रदान सहज नहुँदा इन्टरनेटको गुणस्तर बढाउँदै 'नियो बैंक'को प्रयोग बढाउँदै लैजानुपर्छ।

- ✅ नीतिगत झन्झट देखाउँदै बैंक तथा वित्तीय संस्थाले ल्याउने सृजनशील सोच रोक्नुको सट्टा नियामकीय भूमिकामा रहेको नेपाल राष्ट्र बैंकले विश्वका अन्य मुलुकको प्रोत्साहन नीति पछ्याउँदै सञ्चालनमा आइसकेको 'इनोभेशन सेन्टर'लाई प्रभावकारी बनाउनुपर्ने।

- ✅ अहिलेसम्म 'फिनटेक'को नियमन गर्ने निकाय नछुटिएकाले नेपाल राष्ट्र बैंक स्वयम र कम्पनीहरू पनि अन्योलमा छन्। फिनटेकको नियमन गर्ने निकाय केन्द्रीय बैंक वा अन्य संस्थाले गर्नेबारे नीतिगतरुपमा नै छुट्टाउनुपर्छ।

- ✅ नयाँ प्रविधि आउनसाथ चलाउन खोज्ने प्रविधिमैत्री सेवाग्राहीका कारण परीक्षण नै नभएका र गुणस्तरहीन सेवा रोक्न चुनौतीपूर्ण बनेको छ। यसबाहेक, सहर केन्द्रीय प्रयोग रुची देशव्यापी बनाउनु चुनौतीपूर्ण छ।

- ✅ 'डिजिटल बैंक' र नियो बैंक'मा जस्तै सबैजसो क्षेत्रमा नियामक पछुवा मात्रै बन्ने गरेको तीतो यथार्थ विश्लेषण गरेर 'ओपन बैंक', 'एपीआई', 'एआई', 'ब्लक चेन' जस्ता प्रविधिमा नेतृत्वकर्ता बन्नुपर्ने।

- ✅ बैंक खातापिच्छे मोबाइल बैंकिङ्ग चलाउनुपर्ने वर्तमान बाध्यता र वास्तविकतालाई रोकेर सेवाग्राहीको सहजता, खर्च न्यूनीकरण र 'डिजिटल लेन्डिङ' बढाउन 'मोबाइल वालेट' केन्द्रीत ओपन बैंकिङ्गकारुपमा अघि बढाउनुपर्ने।

- ✅ बैंकको पहुँच नपुगेको स्थानमा समेत फैलिएको ईसेवा जस्ता वालेट कम्पनीहरूलाई 'नियो बैंक'कारुपमा अघि बढाउँदै ग्रामीण विकटता भएका क्षेत्रमा बैंकिङ्ग पहुँच विस्तार गर्नुपर्ने।

- ✅ बैंकहरुले मोबाइलबाटै 'केवाईसी', 'लेन्डिङ' र 'कार्ड इस्यू' थालिसकेकाले 'ओपन बैंकिङ्ग' सुरुवात गर्न बैंक तथा वित्तीय संस्थाले 'फिनटेक'सँग प्रतिस्पर्धाको साटो साझेदारी गर्नुपर्ने।

- ✅ परम्परागत शैलीमा चलेका 'ट्र्याडिसनल' बैंक र 'च्यालेन्जर्स' बैंककारुपमा उदाइरहेका नियो बैंक तथा ओपन बैंकहरुबीच रणनीतिकरुपमा बैंकिङ्ग प्रणाली तथा पहुँच विकास र स्थायित्वका लागि साझेदारी आवश्यक।

- ✅ 'डेटा गर्भनेन्स फ्रेमवर्क' बनाएर प्रयोगकर्ताको डेटा सुरक्षा, साइबर सेक्युरिटी, क्लाउड स्ट्राटेजी जस्ता क्षेत्रमा स्पष्टता ल्याउँदै एआई प्रयोगका लागि 'सर्भर'मा लगानी बढाउनुपर्ने।

- ✅ सबै प्रदेशमा गुणस्तरीय 'डेटा सेन्टर' निर्माण, 'डिजिटल पब्लिक इन्फ्रास्ट्रकर' विकासमा जोड दिँदै राष्ट्र बैंकले नियन्त्रित वातावरणमा वित्तीय सृजनशीलता परीक्षण गर्न निकट भविष्यमा नै 'रेगुलेटरी स्यान्ड बक्स' को प्रावधान अघि बढाउनुपर्छ।

- ✅ भारत लगायत मुलुकले 'ओपन बैंकिङ्ग' भन्दा माथि उठेर 'एकाउन्ट एग्रिगेटर' जस्तो कन्सेप्ट ल्याइसकेका छन्। नेपाल पनि ओपन बैंकिङ्गभन्दा माथि उठेर 'इन्स्योरेन्स', 'टेलिकम्युनिकेस' लगायत आफ्ना सबै सूचना राख्ने प्रविधि अँगाल्नतर्फ लाग्नुपर्छ।

- ✅ 'फिनटेक' र बैंक तथा वित्तीय संस्थाबीचको सहकार्यमा ओपन बैंकिङ्गमार्फत नयाँ-नयाँ व्यवसाय स्थापना र सञ्चालन गर्दै अर्थतन्त्र मजबुत बनाउन नियमनकारी निकायले भूमिका खेल्नुपर्ने।

- ✅ 'फ्रड', 'फिसिङ' र 'ह्याकिङ' रोक्न प्रभावकारी पहलकदमी लिएर डिजिटल भुक्तानीलाई प्रोत्साहन गर्दै क्युआरमार्फत अन्तर्राष्ट्रिय भुक्तानीको भरपर्दो पूर्वाधार अर्थात् आधार बनाउनतर्फ जोड दिनुपर्छ।

- ✅ नेपाल राष्ट्र बैंकले डिजिटल भुक्तानीमा तोकेको न्युन सिमालाई बढाउँदै लगेर घरजग्गाको कारोबारमा हुने अनौपचारिक कारोबार सुधार गरी 'रियलस्टेट' सम्मको कारोबारलाई खुला गर्नेगरी नीतिगत व्यवस्था गर्नुपर्ने।

Session 04 चौथो सत्र

शीर्षक : मौद्रिक नीति : आर्थिक शिथिलताको चक्र तोड्न वित्त नीति र मौद्रिक नीतिको रणनीतिक साझेदारी

Topic : Monetary Policy : Breaking the Recession Cycle with Strategic Fiscal & Monetary Coordination

MODERATOR — **SPEAKERS**

Mr. **NIKESH KHATRI**
NEWS CHIEF,
BANKING SAMACHAR

DR. **PRAKASH KUMAR SHRESTHA**
MEMBER, NATIONAL
PLANNING COMMISSION

MR. **GHANSHYAM UPADHYAYA**
FINANCE SECRETARY



MR. **RAMU PRASAD POUDEL**
EXECUTIVE DIRECTOR, NRB

MR. **PAWAN GOLYAN**
PRESIDENT EMERITUS, CBFIN
CHAIRMAN, GOLYAN GROUP

पृष्ठभूमि

नेपालको अर्थतन्त्र पछिल्ला केही वर्षदेखि आर्थिक शिथिलताको चक्रमा फसेको छ। लगानीमा सुस्तता, न्यून रोजगारी सृजना, उपभोगमा गिरावट र आयात-निर्यातमा असन्तुलन देखिँदा वित्त नीति र मौद्रिक नीति एक आपसमा असम्बद्ध रूपमा अघि बढिरहेका छन् । यो अवस्थाबाट देशको अर्थतन्त्रलाई पूर्णरुपमा बाहिर निकाल्न र दिगो विकासका लक्ष्य र आर्थिक विकासका लक्ष्य हासिल गर्न वित्त नीति र मौद्रिक नीतिबीच गहिरो र रणनीतिक सहकार्य आवश्यक देखिन्छ। नेपालमा वित्तीय नीति औपचारिक रूपमा २००८ सालदेखि सुरु भएको हो भने राष्ट्र बैंक ऐन २०५८ आएपछि २०५९/६० देखि औपचारिकरुपमा मौद्रिक नीति सुरु भएको थियो ।

त्यसयता बजेटले कर नीति, सार्वजनिक खर्च र राजस्व वितरणमार्फत आर्थिक समायोजनको प्रयास गर्दै आएको छ भने मूल्य स्थायित्व, तरलता व्यवस्थापन र बैंकिङ्ग क्षेत्रको स्थायित्वलाई केन्द्रमा राखिएको भए पनि अर्थतन्त्रको चक्र गतिशील बनाउन निजी क्षेत्रसँगको सहकार्य र वित्त नीतिसँगको तालमेल अझै कमजोर देखिन्छ। अन्तर्राष्ट्रिय अभ्यास हेर्दा केन्द्रीय सरकार र केन्द्रीय बैंकबीच अर्थतन्त्रलाई सुस्तताको चक्रबाट बाहिर निकाल्न र आर्थिक गतिविधि चलायमान बनाउन वित्त नीति र मौद्रिक नीतिबीच गहिरो तालमेलमा हुन्छ। यहीकारण, विगतको अनुभव र विश्व परिदृश्य केलाउँदा नेपालमा पनि आर्थिक पुनरुत्थानका लागि वित्त नीति र मौद्रिक नीतिबीच ठोस, रणनीतिक र संस्थागत साझेदारी अपरिहार्य छ। अब नीति तर्जुमा मात्र होइन, नीति कार्यान्वयनमा नै समन्वय गर्नुपर्ने देखिएको छ ।

सत्रमा उठेका मुख्य विषय र निष्कर्ष

- ☑ वित्त नीतिले समावेशी विकासको लक्ष्य लिन्छ र मौद्रिक नीतिले वित्तीय स्थायित्व चाहने भएकाले यी दुईबीच फरक लक्ष्य हुनाले बाझिने क्रम न्यूनीकरण गरेर सहकार्य गर्नुपर्छ ।

- ☑ यी दुई निकायको सहकार्यका लागि राष्ट्र बैंकको बोर्डमा अर्थसचिव, 'मनिटरी म्यानेजमेन्ट बोर्ड'मा अर्थ मन्त्रालयका सहसचिव, राजश्व परामर्श समितिमा कार्यकारी निर्देशकहरू रहन्छन् । तर, आर्थिक विकासलाई चाहिने गहन समन्वय भएको नदेखिँदा आगामी दिनमा समन्वय आवश्यक देखिन्छ ।

- ☑ वित्त नीतिको नेतृत्व 'पोलिटिकल' व्यक्ती र मौद्रिक नीति 'टेक्नोक्र्याट'ले गर्ने गर्छन् । यहीकारण, यी दुई नीतिले लिने आर्थिक विकासको लक्ष्यमा आउने मतभेदलाई व्यवस्थित तवरले समाधान गर्नेगरी संरचना प्रयोग गर्नुपर्ने ।

- ☑ बजेट निर्माण, मौद्रिक नीति निर्माणजस्ता नीति निर्माण र कार्यान्वयनमा अर्थमन्त्रालय र राष्ट्र बैंक पाइलैपिच्छे समन्वय हुने गरे पनि अर्थतन्त्रले लाभ पाउन नसकेको तथ्य स्विकारेर दुई निकायबीचको समन्वयको गम्भीर समीक्षा गरेर नयाँ शिराबाट अघि बढ्नुपर्ने ।

- ☑ वित्त नीति र औपचारिक नीतिबीच औपचारिकतामा सीमित तालमेललाई वास्तविकतामा लैजान नीति कार्यान्वयन र संरचनागत फेरबदललाई केलाउँदै आइपर्ने द्वन्द्व समाधानका ठोस पहल गर्नुपर्ने ।

- ☑ वित्त नीतिका लक्ष्य भेट्ने गरी केन्द्रीय बैंकले क्षेत्रगत लगानीमा सीमा तोके पनि कार्यान्वयन फितलो छ । क्षेत्रगत लगानी सीमालाई व्यवस्थापन गर्न र प्रतिफल हासिल गर्न व्यवहारिक नीति लिनुपर्छ ।

- ☑ बढ्दो 'ब्रेन ड्रेन' रोक्ने गरी नीति लिन सरकार र राष्ट्र बैंक चुकिरहेको तथ्य स्विकारेर बिदेशिन चाहने युवालाई रोक्न कृषि र वन पैदावार उद्योगको भरपुर सदुपयोग गर्नेसहित अन्य क्षेत्र सुधार्न ठोस नीति लिनुपर्छ ।

- ☑ खुला बजारका आधारमा बैंक ब्याजदर बजारले निर्धारण गर्ने भने पनि राष्ट्र बैंकले तोकेरै वित्तीय संस्थाहरूलाई ब्याज घटबढ गर्न लगाउँदा साना/मझौला उद्यम पलायन भइरहेका छन् । यहीकारण, खुला बजारको तथ्यलाई वास्तविकतामा नै लागू गर्नुपर्ने ।

- ☑ योजना आयोगले बनाउने योजना पछ्याउँदै आउने वित्त नीतिलाई मौद्रिक नीतिले पछ्याउने गरेर अन्तर निकाय समन्वय भइरहेको भनिए पनि प्रभावकारी समन्वय चुकिरहेको छ, व्यवहारमा रहेका समस्या समाधानका लागि 'पोलिसी रिफर्म' आवश्यक ।

- ☑ आर्थिक वृद्धिको लक्ष्य भेट्टाउन निजी लगानी प्रवर्द्धन, नियमकीय नीति परिवर्तन, स्थायित्व कायम राख्दै 'क्रेडिट फ्लो' वृद्धि, राजनीतिक अस्थिरतासँगै कर्मचारीको अस्थिरता हटाए मात्रै प्रतिवर्ष ७ प्रतिशतको लक्ष्य हासिल हुने भएकाले ती समस्यामा गम्भीर समीक्षा आवश्यक ।

- ☑ राष्ट्रिय योजना आयोग उपाध्यक्ष, गभर्नर र अर्थसचिव सम्मिलित समितिले बजेट सिलिङ निर्धारण स्रोत गर्दै आइरहेको छ । योजना कार्यान्वयनमा लैजाँदा आइपर्ने फरकपन न्यूनीकरण गर्न योजना आयोगलाई शक्तिशाली बनाउनुपर्ने ।

- ☑ मुद्रा व्यवस्थापन, मुद्रास्फिति र विदेशी मुद्राको व्यवस्थापन, कर्जा वृद्धि जस्ता सिमित क्षेत्रमा मात्रै केन्द्रीत नेपाल राष्ट्र बैंकले खुम्चिएको भूमिकाबाट बाहिर निस्केर रोजगारी सृजनाको अवसर र सृजित रोजगारी गणना गर्नेसम्म फैलनुपर्ने ।

- ☑ जीडीपीमा ८० प्रतिशत योगदान र रोजगारी सृजनामा महत्त्वपूर्ण भूमिका खेल्दै आइरहेको निजी क्षेत्र सरकारको महत्त्वपूर्ण आर्थिक सल्लाहकार बन्नुपर्नेमा राजनीतिक प्रभाव र व्यवसायीक लाभ लिन स्वार्थ केन्द्रीत सुझाव दिने क्रम रोक्नुपर्ने ।

- ☑ मिश्रितरुपमा आइरहेको 'मनिटरी पोलिसी' र 'रेगुलेटरी पोलिसि' छुट्टाउनुका साथै वित्त नीति र मौद्रिक नीतिबीच नमिलेको तालमेल मिलाउन वर्तमान संरचनाको फेरबदल वा नयाँ संरचना चाहिने भन्नेमा अध्ययन जरुरी ।

- ☑ सार्वजनिक खर्च, राजश्व र सार्वजनिक ऋण मात्रै समेटिनुपर्नेमा समग्र नीति कै रूपमा आउने बजेटमा प्रोत्साहन गरिनेछ, बढाइने छ जस्ता शब्दको सट्टा ठोस् नीति तथा कार्यान्वयनको 'स्कोर कार्ड' सहित समय सीमा तोक्नुपर्छ ।

- ☑ बैंकमा थुप्रिएको छ खर्ब हाराहारी तरलतालाई आर्थिक विकासमा लगाउने गरी व्यवस्थापन गर्दै नयाँ उद्यमशीलता, पूर्वाधार, औद्योगिक क्षेत्र, जलविद्युत र कृषि क्षेत्रमा दीर्घकालीन महत्वको लगानी गर्न निजी क्षेत्रसहित समेट्ने नीति आवश्यक ।

- ☑ विकासका लागि छुट्टिने न्यून बजेट खर्च गर्न नसकेको वर्तमान संरचना पुन:संरचना गर्न प्रधानमन्त्री कार्यालय, योजना आयोग, अर्थमन्त्रालय, विकासे मन्त्रालय र राष्ट्र बैंकसहितको शक्तिशाली समन्वयकारी निकाय चाहिने ।

विशेष सत्र SPECIAL DUOLOGUE

शीर्षक : पूर्व अर्थमन्त्रीसँग वित्तीय सवाल

Guest : **Dr. Prakash Sharan Mahat**, Former Finance minister

Moderator : **Raju Dhungel**, Managing Director, Banking Samachar

MR. RAJU DHUNGEL
MD, BANKING SAMACHAR

DR. PRAKASH SHARAN MAHAT
FORMER FINANCE MINISTER

पृष्ठभूमि

माननीय डा. प्रकाश शरण महतले पटक-पटक देशको अर्थ मन्त्रालयको ढुकुटी सम्हालेर बजेट निर्माणको अनुभव र बजेट कार्यान्वयनमा केन्द्रीय बैंकको मौद्रिक नीतिले खेल्ने भूमिका कतिको महत्वपूर्ण हुन्छ भन्ने विषयको अनुभव हासिल गरिसक्नु भएको छ । अर्थमन्त्रालयले लिने नीतिबमोजिमको लक्ष्य हासिल गर्न राष्ट्र बैंकले कस्तो नीति लिँदा वित्त नीतिसँग मौद्रिक नीतिको तालमेल मिल्छ भन्ने विषय डा. महतले अर्थ मन्त्रालयको नेतृत्वदायी भूमिकामा बसेर भोगिसक्नुभएको छ । आगामी आर्थिक वर्षको बजेटले उद्यमशीलता प्रवर्द्धन, पर्यटन उद्योग लगायतलाई उद्योगसरह सूचीमा राख्ने, नियो बैंक स्थापना र ब्याड बैंक स्थापना गर्दै निजी क्षेत्रको लगानी बढाउँदै आर्थिक वृद्धि हासिल गर्ने लगायत लक्ष्य लिएको छ ।

यसबाहेक, जेनजी पुस्तालाई २० लाख रुपैयाँसम्म ३ प्रतिशत दरमा ऋण प्रवाह लगायत विषय समेटेर १९ खर्ब ६४ अर्ब रुपैयाँ आकारको बजेट आएको छ । बजेट भाषण सुन्दा ६ प्रतिशत मात्रै नभएर १० प्रतिशत नै आर्थिक वृद्धिदर हासिल होला जस्तो सुनिए पनि बजेटले लिएको लक्ष्य पुरा गर्न र कार्यान्वयन गर्न राजनीतिक दल, अर्थमन्त्रालय र विकासे मन्त्रालयसँगै नेपाल राष्ट्र बैंक र बैंक तथा वित्तीय संस्थाको भूमिका महत्त्वपूर्ण हुन्छ । बजेटमार्फत सरकारले लिने लक्ष्य र उद्देश्य, राष्ट्र बैंकले गर्ने समर्थन र निजी क्षेत्र, बैंक तथा वित्तीय संस्था तथा राजनीतिक दलहरूको समन्वयकारी भूमिका र कर्मचारीतन्त्र तथा कानूनी व्यवस्थामा समस्या छ ।

सत्रमा उठेका मुख्य विषय र निष्कर्ष

- सरकारले जनमानस, निजी क्षेत्र र लगानीकर्तामा आत्मविश्वास ल्याउने गरी प्राथमिकताका आधारमा बजेट विनियोजन गरेर परिणाम देखाउने सुनिश्चितता गर्नुपर्ने ।
- आर्थिक समृद्धि हासिल गर्नेगरी नेपाल सरकार र निजी क्षेत्रबीच सन्तुलित तालमेल गर्दै दुवै पक्षले नकरात्मक्ताबाट बाहिर निस्केर आर्थिक शिथिलताबाट माथि उठ्ने कदम चाल्नुपर्छ ।
- सरकारले विना अध्ययन लगानी गर्ने क्रम रोकेर अघि बढ्नुपर्ने र निजी क्षेत्रले देखासिखीका आधारमा गर्ने लगानी रोकेर अनावश्यक ऋण लिने क्रम रोक्न ध्यान दिनुपर्ने ।
- बैंकमा पर्याप्त तरलता थुप्रिने र अभाव हुने अस्थिरता व्यवस्थित गर्ने गरी दिर्घकालीन लगानी वृद्धिका लागि राष्ट्र बैंकबाट खुकुलो र समयसान्दर्भिक मौद्रिक नीति ल्याउने गरी अर्थमन्त्रालयसँग समन्वय गर्नुपर्ने ।
- ठूला लगानीकर्ताले सहजै बैंकमा पहुँच राख्न सक्ने र कर्जाका लागि पर्याप्त धितो रहने भएकाले अर्थतन्त्रलाई चलायमान बनाउँदै रोजगारी सृजना गर्न साना मझौला लगानीका उत्पादनमूलक उद्योगलाई सरकारले अनुदानको व्यवस्था गर्नुपर्छ ।
- व्यवस्थित संरचनाबिनै राजनीतिक शक्तिको आडमा प्रवाहित भएर खराब कर्जामा परिणत भएको महिला उद्यमी, साना उद्यमी र कृषि र सहुलियतपूर्ण कर्जा वितरणमा अस्तव्यस्तताबाट भइरहेको राज्यको रकम दुरुपयोग रोक्नुपर्छ ।
- ब्याजदरलाई अझै न्यून बिन्दुमा लैजाने गरी मौद्रिक नीति ल्याउन र न्यून ब्याजका माध्यमबाट अर्थतन्त्र चलायमान बनाउन बैंकले गर्नुपर्ने जिम्मेवारी स्पष्टसँग तोक्नुपर्छ ।
- 'कोल्याट्रलर'बाट असुल्ने नियत बोक्ने बैंकहरुले उत्पादनमूलक र परियोजना सञ्चालनको योजना हुर्काउने गरेर कर्जा प्रवाह गरेर नाफामुखी मात्रै नभएर अर्थतन्त्र सुधारमा योगदान खेल्नुपर्ने ।
- कोभिड महामारीबाट सुरु भएको देशको आर्थिक शिथिलताको चक्र तोड्न सरकार, निजी क्षेत्र र राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्थाले साझा प्रयत्न गर्नुपर्ने ।
- भारत, अमेरिका लगायत विश्वका अन्य देशमा जस्तै नेपालमा पनि बैंकर र व्यवसायी छुट्याउने गरी भइरहेको छलफलमा व्यवसायीक घरानालाई समयसीमा दिँदै मध्यमार्गी उपाय लिनुपर्छ ।
- अन्तर्राष्ट्रिय अभ्यास हेरेर नेपालमा ब्याड बैंक सञ्चालनका लागि विज्ञहरू छानेर यसको स्पष्ट खाका तयार गरेर अघि बढ्यो भने मात्रै बैंकहरुमा देखिएको खराब कर्जा व्यवस्थापन सहज हुने ।
- प्रविधिको बढ्दो प्रयोगसँगै बढिरहेको 'साइबर सेक्युरिट'को चुनौती सामना गर्ने गरी डिजिटल बैंकिङ्ग, डिजिटल लेन्डिङ, नियो बैंक र ओपन बैंकलाई सञ्चालनमा ल्याउनुपर्छ ।
- बन्ने ऐन कानून वास्तविकतामा आधारित बनाउन सक्नुपर्नेमा 'रेस्ट्रिक्टेड' बनाउँदा र कार्यान्वयन गर्न नसक्दा आधा अर्थतन्त्र अनौपचारिक बनेका स्थितिलाई सुधार गर्दै 'ग्रे लिस्ट'बाट बाहिर निस्कन ठोस कदम चाल्नुपर्ने ।
- विश्वका धनाढ्य मुलुकले अनुदान छाडेर ऋणमा जोड दिइरहेकाले नेपालले अनुदान प्राप्तिको रणनीति छाडेर विश्वभरबाट लगानी भित्र्याउने लक्ष्यसहित वैदेशिक लगानी भित्र्याउन र फिर्ता प्रक्रियालाई सहजीकरण, लागत न्यूनीकरण, कर छुट र उत्पादनमा आधारित अनुदानको व्यवस्था गर्नुपर्ने ।
- बढ्दो 'ब्रेन ड्रेन' रोक्नतर्फ लाग्नुको साटो उच्च शिक्षाका लागि विदेशीने युवालाई स्वदेश फर्काउँदै समृद्ध नेपालको परिकल्पनामा लगाउनुपर्ने र विदेशमा उच्च ज्ञान र सिप सिकेर फर्केकालाई प्राथमिकतामा राख्नुपर्ने ।
- उच्च शिक्षा हासिल गरेपछि मात्रै वैदेशिक शिक्षाका लागि जाने व्यवस्था गर्ने र नकारात्मकतालाई प्रोत्साहन गरेर देशमा भविष्य छैन भन्ने मानसिकता तोड्न राजनीतिक दल, नागरिक समाज, कर्मचारीतन्त्र एकजुट बन्नुपर्ने ।
- विदेश जानै पर्ने 'ट्रेन्ड' र 'फेसन'कारुपमा रहेको देशको अवसर छाडेर विदेशीने मानसिकता त्यागेर आइटी, कृषि, पर्यटन जस्ता क्षेत्रमा लगानी गर्ने वातावरण बनाउने र लगानी गरेर रोजगारी सृजना गर्ने नीति अघि बढाउनुपर्ने ।

मुख्य टिप्पणी Key Note Speech

बम बहादुर मिश्र, डेपुटी गभर्नर, नेपाल राष्ट्र बैंक

Bam Bahadur Mishra, Deputy Governor, Nepal Rastra Bank

विषयगत प्रस्तुति

एक शताब्दी लामो बैंकिङ्ग अनुभवबाट सिक्दै नयाँ प्रविधि अँगालेर सबै स्थानीय तहमा पहुँच पुगिसकेको छ। सबैजसो स्थानीय तह बैंकिङ्ग पहुँचमा आइसकेपनि गुणस्तरीय र भरपर्दो तथा प्रविधिमैत्री सेवा विस्तारमा नेपाल अझै पछाडि छ भने संख्याका आधारमा धेरै बैंक खाता रहेपनि शतप्रतिशत जनसंख्या बैंकको पहुँचमा आइनसकेको अवस्था छ। यसबाहेक, नेपालको वर्तमान अर्थतन्त्र नियाल्दा राम्रा सूचकसँगै चुनौती छरपष्टरुपमा बाहिर आएका छन्।

थुप्रिंदो तरलता, गैह्रबैंकिङ्ग सम्पत्ति, निष्क्रिय कर्जा जस्ता सूचक नकारात्मक रहँदा आर्थिक मन्दी, अर्थतन्त्रको सुस्तता, सुस्त माग सृजना र न्यून रोजगारी सृजना समाधान गर्न साना मझौला उद्यमलाई प्राथमिकतामा राख्नुपर्ने र पुँजीगत खर्च बढाउनुपर्ने हुन्छ। अर्थतन्त्रको सुस्तताका कारण साना मझौला उद्योगमा देखिएका खराब कर्जाको तथ्य उजागर गरेर यो क्षेत्रमा प्रवाहित कर्जामा समस्या देखिनुको कारण खोतल्दै वर्तमान नीतिगत व्यवस्था सच्याउनुपर्नेमा नेपाल सरकार, अर्थमन्त्रालय र नेपाल राष्ट्र बैंक तथा अन्य सरोकारवाला निकायहरु ठोस कदम चाल्नुपर्नेमा सहमत देखिन्छन्।

प्रस्तुतिमा उठेका मुख्य विषय र निष्कर्ष

3rd NATIONAL BANKING DISCOURSE 2025

- एक शताब्दी लामो बैंकिङ्ग अनुभवबाट सिक्दै नयाँ प्रविधि अँगालेर सबै स्थानीय तहमा पहुँच पुगिसकेको अवस्थामा गुणस्तरीय र भरपर्दो सेवा दिन तथा सबै जनसंख्यालाई पहुँचमा ल्याउन अन्तिम कसरत आवश्यक।
- नेपालको वर्तमान अर्थतन्त्र नियाल्दा राम्रा सूचकसँगै चुनौती छरपष्टरुपमा बाहिर आएका छन्। वित्त नीति राम्रोसँग कार्यान्वयन गर्न सकेमा गैह्रबैंकिङ्ग सम्पत्ति र खराब कर्जा व्यवस्थापन हुन सक्ने।
- आर्थिक मन्दी, अर्थतन्त्रको सुस्तता, सुस्त माग सृजना र न्यून रोजगारी सृजना समाधान गर्न साना मझौला उद्यमलाई प्राथमिकतामा राख्नुपर्ने र पुँजीगत खर्च बढाउनुपर्ने।
- अर्थतन्त्रको सुस्तताका कारण साना मझौला उद्योगमा देखिएको सबैभन्दा धेरै खराब कर्जाको तथ्य उजागर गरेर यो क्षेत्रमा प्रवाहित कर्जामा समस्या देखिनुको कारण खोतलेर नीतिगत व्यवस्था सच्याउनुपर्ने।
- ६ खर्बभन्दा बढी तरलता व्यवस्थापन गर्नेगरी राष्ट्र बैंकले ठोस पहलकदमी लिनुअघि प्रवाहित कर्जा खराब कर्जामा परिणत भएको तथ्य गहिरोरुपले हेर्नुपर्ने भएकाले यसतर्फ केन्द्रीय बैंक चनाखो बन्नुपर्ने।

THANK YOU *to all of our* SPONSORS

We extend our Heartfelt Gratitude to all our Sponsors for your generous support & trust, which played a vital role in the Grand Success of the 3rd National Banking Discourse 2025.

PRESENTED BY

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

EVENT PARTNER

eSewa™

ORGANIZED BY

बैंकिङ समाचार
bankingsamachar.com

BANKING NEWS.com.np

MyPay MONEY TRANSFER
सुख दु:खको साथी

REMITTANCE PARTNER

Curvv.ev
suv coupé

DRIVEN BY

DishHome INTERNET

INTERNET PARTNER

Johnnie Walker

BEVERAGE PARTNER

SUPPORTED BY

NABIL BANK® TOGETHER AHEAD

राष्ट्रिय वाणिज्य बैंक
RASTRIYA BANIJYA BANK
...तपाईंको आफ्नै बैंक

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

sct

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.

SHINE RESUNGA DEVELOPMENT BANK LTD.

Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लिमिटेड

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank

xiaomi

एभरेष्ट बैंक लिमिटेड
EVEREST BANK LIMITED
Consistent, Strong & Dependable

Sanima Bank

Citizens Bank
Your Partner For Progress

सांग्रिला डेभलपमेन्ट बैंक लि.
स्थानीय विकासको आधार

"Access to All"
गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited

NIC ASIA CAPITAL

MANJUSHREE FINANCE LIMITED
मन्जुश्री फाईनान्स लिमिटेड
behind your happiness

ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड
GREEN DEVELOPMENT BANK LTD
PARTNERING FOR PROSPERITY

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.

bidhee

कामना सेवा
विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

GO DIGITAL
imark

BTC BANKING SHIKSHYA & TRAINING CENTER

TRAINING PARTNER

IMPRESSIONS
A CREATIVE DESIGN

EVENT MANAGEMENT

EXPANDING OUR HORIZONS : EMBRACING CHANGE

3rd NATIONAL BANKING DISCOURSE 2025

EVENT SPECIAL

This premier event was be inaugurated by the Hon'ble Deputy Prime Minister & Finance Minister, **Mr. Bishnu Prasad Paudel.**

Chief Guest

Mr. **BISHNU PRASAD PAUDEL**
HON'BLE DEPUTY PRIME MINISTER & FINANCE MINISTER

Special Guest

VIRTUALLY PRESENTED

Dr. **BISWO NATH POUDEL**
GOVERNOR, NEPAL RASTRA BANK



Special Guest

Dr. **NEELAM DHUNGANA TIMSINA**
SR. DEPUTY GOVERNOR, NRB

Special Guest

Mr. **BAM BAHADUR MISHRA**
DEPUTY GOVERNOR, NRB

Guest

Mr. **CHANDRA DHAKAL**
CHAIRMAN, FNCCI

Guest

Mr. **BIRENDRA RAJ PANDEY**
SR. VICE PRESIDENT, CNI

Guest

Mr. **SANTOSH KOIRALA**
CHAIRMAN, NBA

Organizer

Mr. **RAJU DHUNGEL**
MANAGING DIRECTOR, BANKING SAMACHAR & BANKING NEWS

Guest

Mr. **SUYOG SHRESTHA**
PRESIDENT, DBAN

Guest

Mr. **RAJOJ MAN SHRESTHA**
1ST VICE PRESIDENT, NFIA

3rd NATIONAL BANKING DISCOURSE 2025

SPECIAL

DUOLOGUE

पूर्व अर्थमन्त्री डा प्रकाश शरण महतसंग
विशेष वित्तीय सवालहरु

EVENT MODERATORS

SESSION I

Mr. **TIKARAM YATRI**
MEDIA PERSONALITY

SESSION II

Ms. **SMITHU GHISING**
MEDIA PERSONALITY

SESSION III

Mr. **PRAVASH RAI**
CHIEF STRATEGY & HR OFFICER, SRDB

SESSION IV

Mr. **NIKESH KHATRI**
NEWS CHIEF, BANKING SAMACHAR

MASTER of CEREMONIES (EMCEE)

Ms. Sadichha Shrestha
MEDIA PERSONALITY

EXPANDING OUR HORIZONS :
EMBRACING CHANGE

05	05	16+	500+
SESSIONS	MODERATOR	SPEAKERS	INVITES

3rd NATIONAL BANKING DISCOURSE 2025
EXPANDING OUR HORIZONS : EMBRACING CHANGE

EXPERT *Speakers*


SESSION I

MR. MANOJ KUMAR GOYAL
CHARIMAN NMB BANK
MEMBER CBFIN

SESSION I

MR. RADHESH PANT
CHAIRMAN, VROCK & COMPANY
FORMER CEO, IBN

SESSION I

MR. KRISHNA BDR ADHIKARI
CEO, NIFRA

SESSION I

MR. MANOJ KUMAR GYAWALI
CEO, NABIL BANK


SESSION II

DR. SATYENDRA TIMILSINA
EXECUTIVE DIRECTOR, NRB

SESSION II

MR. KAPIL DHAKAL
CEO, JYOTI BIKASH BANK


SESSION II

MR. MANOJ PAUDEL
EXECUTIVE MEMBER,
FNCCI

SESSION II

MR. MANOHAR ADHIKARI
FOUNDER, FOODMANDU

SESSION II

MR. CHETAN ADHIKARI
POPULATION ANALYST

SESSION III

ER. KRISHNA RAM DHUNJU
DIRECTOR & HEAD OF
THE CBDC DIVISION, NRB

SESSION III

MR. DIWAS KUMAR SAPKOTA
CEO, FONEPAY

SESSION III

MR. RABI SHAKYA
CHIEF STRATEGY OFFICER
ESEWA

SESSION III

MR. SUVASH JAMARKATTEL
DEPUTY GENERAL MANAGER,
MBL

SESSION III

MR. BIGYAN ADHIKARI
MANAGER - DIGITAL BANKING,
GLOBAL IME BANK

SESSION IV

DR. PRAKASH KUMAR SHRESTHA
MEMBER, NATIONAL
PLANNING COMMISSION

SESSION IV

MR. GHANSHYAM UPADHYAYA
FINANCE SECRETARY


SESSION IV

MR. RAMU PRASAD POUDEL
EXECUTIVE DIRECTOR, NRB

SESSION IV

MR. PAWAN GOLYAN
PRESIDENT EMERITUS, CBFIN
CHAIRMAN, GOLYAN GROUP

LIVE 1,10,500

Reactions 1400

Comments 50

Shares 205

265k VIEWS

Region Viewers

Zone	Viewers
Bagmati Zone	20.2K
Lumbini Zone	2150
Narayani Zone	410
Gandaki Zone	220
Koshi Zone	145
Mechi Zone	130
Seti Zone	109
Janakpur Zone	108
Bheri Zone	105
Mahakali Zone	65

International Viewers

Country	Viewers
Nepal (NP)	109k
India (IN)	110
Czech Republic (CZ)	23
United States (US)	75
South Korea (KR)	55
Germany (DE)	16
United Arab Emirates (AE)	109
Saudi Arabia (SA)	49
Japan (JP)	27
United Kingdom (GB)	12
Qatar (QA)	30
Malaysia (MY)	44
Australia (AU)	65
Canada (CA)	9
Romania (RO)	8
Hong Kong (HK)	3

Event Promo Insights

95k VIEWS

REELS

Dilip Pokharel
Chief Marketing Officer,
Global IME Bank Ltd

11K Views

REELS

Sadichha Shrestha
Media Personality

35K Views

REELS

Nikesh Khatri
News Chief,
Banking Samachar

30K Views

REELS

Smithu Ghising
Media Personality

18K Views

3rd NATIONAL BANKING DISCOURSE 2025

Moments of Events

BANKING

DISCOURSE 2025
EXPANDING OUR HORIZONS : EMBRACING CHANGE
BANKING

DISCOURSE 2025
EXPANDING OUR HORIZONS : EMBRACING CHANGE

DISCOURSE 2025
EXPANDING OUR HORIZONS : EMBRACING CHANGE
BANKING

DISCOURSE 2025
EXPANDING OUR HORIZONS : EMBRACING CHANGE

NATIONAL

3rd NATIONAL
BANKING

3rd NATIONAL
BANKING

NATIONAL

3rd NATIONAL
BANKING

3rd NATIONAL
BANKING

NATIONAL
BANKING

Unparalleled

Gathering *of* INDUSTRY LUMINARIES & DIGNITARIES.

Expanding Our Horizons : **EMBRACING CHANGE**

बैंकिङ समाचार
bankingsamachar.com

BANKING NEWS.com.np

THE FUTURE OF BANKING IS NOT JUST ABOUT BANKS,
IT'S ABOUT A NEW SET OF INTERMEDIARIES.

THANK YOU

ORGANIZED BY

बैंकिङ समाचार
bankingsamachar.com

BANKING NEWS.com.np

कम्पनी दर्ता नम्बर: १७०२५५/७३/०७४
सूचना विभाग दर्ता नं. ७७/०७३-७४

ADDRESS
UN Park, Jwagal,
Lalitpur, Nepal

CONTACT
+977 01-5268504
/ 01-5268029